# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३५ ) काठमाडौं, भदौ १४ गते २०४२ साल ( पूर्वातिरिक्ताङ्क २६ (ग)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट अष्ट्रेलियाको राजकीय भ्रमणमा सवारी होइबक्सनु अगाडि २०४२ साल भाद्र १४ गते देशवासीको नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज हामी अष्ट्रेलिया सरकारको मैत्रीपूर्ण निमन्त्रणामा यही भाद्र १६ गतेदेखि शुरू हुने अष्ट्रेलियाको राजकीय भ्रमणका लागि प्रस्थान गर्दैछौं । विश्वका सबै राष्ट्र-हरूको बीच सम्पर्कको विस्तार, सद्भावनाको विकास र सहयोगका नयाँ क्षेत्रहरूको वृद्धि गरी नेपाल र नेपालीलाई विश्वभरि चिनाउने हाम्रो परम्परागत नीति रही आएको कुरा सर्वविदित छ । यही नीति अनुरूप पहिलो पटक दक्षिणी गोलार्द्धको मुलुकमा हामी राजकीय भ्रमणको लागि जाँदैछौं ।

२. एशिया महादेशको सीमानाको छेवैमा अवस्थित अष्ट्रेलियाले दक्षिणी प्रशान्त क्षेत्रका मुलुकहरूमध्ये महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । एउटा विकसित औद्योगिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रको नाताले अष्ट्रेलियाले अन्तर्राष्ट्रिय शान्ति र न्यायको निमित्त पनि महत्त्वपूर्ण योगदान गर्दै आएको छ। त्यसैले वर्तमान भ्रमणबाट हाम्रा दुई मुलुकहरूका बीच सुखद रूपमा रही आएको सद्भावना र समझदारी अझ बढ्नेछ भन्ने कुरामा हामी आश्वस्त छौं। साथै, बाटामा पर्ने ब्रुनाईको अनौपचारिक भ्रमण र जापानको एक्स्पो '८५ मा नेपाल राष्ट्रिय दिवस मनाउने सिलसिलामा त्यहाँ पुगी फर्कंदा हाम्रा छिमेकी मित्रराष्ट्र भारतको औपचारिक भ्रमण पनि गर्ने भएका छौं। यी भ्रमणहरूबाट नेपाल र यी मित्रराष्ट्रहरूबीच रही आएको सुसम्बन्ध बढ्दै जाने कुरामा हामी विश्वस्त छौं।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ। आशा छ सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा शान्ति सुव्यवस्था कायम राख्नमा आ-आपना क्षेत्रबाट सहयोग गर्ने छन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४१